# नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८१।८२
चलानी नं ५६०

मितिः-२०८१।०५।३१

श्री जो जससंग सम्बन्ध छ।

विषय : जानकारी सम्बन्धमा।

उपरोक्त विषयमा मृगौला प्रत्यारोपण गरेका/डायलाईसिस गराई रहेका/क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार बापत उपलब्ध गराउने कार्यविधि २०७८ अनुसार मासिक रुपमा रु ५,०००। लक्षित समुहका विरामीहरुको लागि स्थानीय तहवाट र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट सोधभर्ना रकम निकाशा दिई नगरपालिकावाट विरामीहरुलाई उपलब्ध गराउँदै आएकोमा चानु आ.व. २०८१।८२ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्रकाशित कार्य संचालन निर्देशिकामा गरिवी परिचय पत्र वितरण गरेको जिल्लाहरुमा गरिवी परिचय प्राप्त व्यक्तिहरुलाई मात्र उपलब्ध गराउने भनी लेखि आएकोले यस आ.व.को श्रावण महिनादेखि नयां दर्ता हुन आएका र नविकरण गराएका सवै विरामीहरुले गरिवी परिचय पत्र भएमा पेश गर्नु हुन र गरिवी परिचय पत्र नभएकाहरुको हकमा रकम भुक्तानी दिन नसकिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

(पुरुषोतम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङबेसी, धादिङ बागमती प्रदेश, नेपाल

# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८१।८२

चलानी नं : ५६१

मिति:-२०८१।०५।३१

श्री सवै वडा कार्यालयहरु
नीलकण्ठ नगरपालिका

विषय : उपचार सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मृगौला प्रत्यारोपण गरेका/डायलाईसिस गराई रहेका/क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार बापत उपलब्ध गराउने कार्यविधि २०७८ अनुसार मासिक रुपमा रु ५,०००। लक्षित समुहका विरामीहरुको लागि सम्बन्धित अस्पतालको निदान र चिकित्शकको प्रमाणित कागजात साथै वडा कार्यालयको गरिव तथा विपन्न वर्गको भनी सिफारिसको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट सोधभर्ना रकम निकाशा दिई नगरपालिकावाट विरामीहरुलाई उपलब्ध गराउँदै आएकोमा चालु आ.व. २०८१।८२ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट प्रकाशित कार्य संचालन निर्देशिकामा गरिवी परिचय पत्र वितरण गरेको जिल्लाहरुमा गरिवी परिचय प्राप्त व्यक्तिहरुलाई मात्र उपलब्ध गराउने भनी लेखि आएकोले सोही अनुसार सिफारिस गरि पठाउनु हुन अनुरोध छ ।

(पुरुषोतम सुवेदी )
प्रमुख प्रशासकीय अधिकृत

## ब.उ.शि.नं. ३७०००११४ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम कार्यक्रम

**आधारभूत अस्पताल भवन निर्माण कार्यक्रम**

प्रस्तुत विषयमा आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा "भूगोल र जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नती गरिने छ भन्ने उल्लेख भए बमोजिम यस मन्त्रालय (माननीय मन्त्रीस्तर) वाट मिति २०७७।०९।१२ मा २५९ वटा स्थानीय तहहरुमा आधारभूत अस्पताल निर्माण तथा स्तरोन्ती गर्ने निर्णय भएको। आ.व. २०८०।८१ मा निर्माणाधिन ५।१०।१५ शैया अस्पतालको सृजित दायित्व भुक्तानी वापत "पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी" शिर्षकमा सशर्त अनुदानमा रकम विनियोजन भएको छ। सो रकम मन्त्रालयबाट DPR स्वीकृत भई श्रृजित दायित्व मात्र भुक्तानी गर्नुपर्नेछ। प्रगति विवरण यस मन्त्रालयको इमेल ठेगानाः progressreportmohp@gmail.com मा पठाउनु पर्नेछ।

**लक्षित समूहका विरामीहरुको लागि सोधभर्ना रकम**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार बापत उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार मासिक रु. ५ हजार लक्षित समूहका विरामीहरुको लागि सोधभर्ना रकम स्थानीय तहहरुलाई उपलब्ध गराउदै आएकोमा गरिवी परिचय पत्रका आधारमा मात्र उपलब्ध गराउने र अन्य जिल्लाको हकमा कार्यविधि बमोजिम समितिले सिफारिस अनुसार हुने व्यवस्था मिलउने गरी सशर्त अनुदानको रुपमा रकम विनियोजन गरिएको। सो रकमवाट अघिल्लो आ.व. २०८०।८१ मा भुक्तानी गर्न बाँकी रकम सोधभर्ना उपलब्ध गराउन बाधा पर्ने छैन। सोधभर्नाको लागि यस मन्त्रालयको इमेल ठेगानाः mohp.planning@gmail.com मा पठाउनु पर्नेछ।

## ब.उ.शि.नं. ३७००१०१२ प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम

**स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता**

| | |
|---|---|
| परिचय | स्थानीय तह अन्तर्गत रहेका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता लगायत अनिवार्य दायित्व भुक्तानीको लागि यो कार्यक्रम राखिएको हो। |
| अपेक्षित प्रतिफल | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थामा स्वीकृत दरवन्दी अनुसारका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरु, करारका कार्यालय सहयोगीहरूले तलवमहंगी , भत्ता समयमै प्राप्त गरेको हुने। |
| सञ्चालन प्रकृया | स्वास्थ्य संस्थामा कार्यरत देहाय अनुसारका कर्मचारीहरूको नियमानुसार तलव भत्ता भुक्तानी गर्ने<br>• स्वीकृत दरबन्दी अनुसार स्थानीय तहको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी र कार्यालय सहयोगी,<br>• दरबन्दीमा रहेका करारका कार्यालय सहयोगीहरू।<br>• यस मन्त्रालयवाट सोझै विशेषज्ञ चिकित्सक र स्वास्थ्य सेवा विभागवाट खटाइएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई निर्देशिका अनुसार। |
| बजेट बाँडफाँड | कर्मचारीहरुको तलब, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत अनिवार्य दायित्वमा बाहेक अन्य शिर्षकमा रकम विनियोजन गर्न पाइने छैन। |
| अभिलेख प्रतिवेदन | प्रचलित कानून अनुसार सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने। |



